कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: ८५ | वि.सं. २०८३ असार २३ मंगलवार | नेपाल संवत: ११४५, आषाढ कृष्ण सप्तमी | Tuesday 7 July 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

कमजोर विपद् प्रतिकार्य क्षमता

पाँच दिन बित्दा पनि कर्णालीमा बेपत्ता गाडी र यात्रुको छैन अत्तोपत्तो

कर्णाली नदीमा खसेको गाडी र यात्रुको खोजीमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले हेलिकोप्टर, ड्रोन, म्याग्नेट, सोनार क्यामेरा तथा गोताखोरको सहायता लिइरहेको छ। प्रहरीका अनुसार खोजीमा सुरक्षा निकायका झण्डै दुई सय बढी जनशक्ति खटिएको छ। तर, नतिजा भने हात लाग्न सकेको छैन। सुरक्षा निकायले खोज तथा उद्धारमा उच्च प्रविधि प्रयोग गरिरहेको दावी गरेपनि कर्णालीको धमिलो र उच्च बहाबको भंगालोमा ति उपकरण कामयावी बन्न सकेका छैनन्।

ओम शाही
सुर्खेत, २२ असार ।

कर्णाली नदीमा खसेको गाडी र त्यसमा सवार यात्रुको अवस्था अझै अज्ञात छ। बिहीबार (१८ असार) बिहान झण्डै ११:३० बजेको समयमा सुर्खेतबाट कालीकोटतर्फ जाँदै गरेको कर्णाली प्रदेश ०२-००१ ख १०५५ नम्बरको गाडी दैलेखको चामुण्डाबिन्द्रासैनी नगरपालिका-७ स्थित साँगेतडा क्षेत्रबाट कर्णाली नदीमा खसेको थियो।

उक्त दुर्घटनामा घटनास्थलमा एक जनाको शव फेला परेको थियो। घटना घटेको पाँच दिनसम्म पनि गाडी र त्यसमा सवार यात्रुको अवस्था पत्ता लाग्न सकेको छैन। यति मात्रै होइन गाडीमा कति जना सवार थिए एकिन तथ्याकसमेत बाहिर आउन सकेको छैन। प्रहरीको तथ्यांकअनुसार दुर्घटना भएकै दिन एक जनाको शव नदीमा नखसेको अवस्थामा फेला परेको थियो। हालसम्म दुर्घटनाग्रस्त गाडीमा कति जना यात्रु सवार थिए भन्ने विषय पनि खुलेको छैन। यातायात व्यवसायीको अभिलेखअनुसार उक्त गाडीमा पाँच जनाले टिकट काटेको देखिन्छ। तर, बीच बाटोमा अन्य यात्रु पनि थपिएको हुनसक्ने सुरक्षा निकायको अनुमान छ।

नदीमा खसेका गाडी र यात्रुको खोजीमा अत्याधुनिक प्रविधिसहितको मानव जनशक्ति खटिएको छ। तर, कर्णाली नदीको पानी अत्यधिक धमिलो र उच्च बहावका कारण खोजीमा कठिनाई भइरहेको कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवम् सूचना अधिकारी सन्तोष सिंह राठोरले जानकारी दिए।

उनका अनुसार हालसम्म दुर्घटनास्थलदेखि तलका सम्भावित क्षेत्रमा खोजी भइरहे पनि गाडी र यात्रु फेला परेका छैनन्। दुर्घटनाग्रस्त गाडी र यात्रुको खोजीमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलले हेलिकोप्टर, ड्रोन, म्याग्नेट, सोनार क्यामेरा तथा गोताखोरको सहायता लिइरहेको उनले बताए। प्रहरीका अनुसार खोजीमा सुरक्षा निकायका झण्डै दुई सय जनशक्ति खटिएका छन्।

सेनाले घटना घटेको भोलिपल्ट (१९ असार) बाट दुर्घटनास्थलदेखि बर्दियासम्मको कर्णाली नदी बेसिन क्षेत्रमा झण्डै ७० जना सैनिक जनशक्ति खटाएर सम्भावित क्षेत्रमा हेलिकप्टर, धमिलो पानीमुनीको वस्तु चिन्ने सोनार क्यामेरा, ड्रोन क्यामेरा, च्याफ्टिङ र गोताखोरको सहयाताले खोजी कार्य गरिरहेको छ। सेनाले सोमबार थप गोताखोरसहित २० जनाको विशेष उद्धार टोली कर्णाली नदी बेसिनमा खटाए सघन खोज गरिरहेको छ।

त्यस्तै, सशस्त्र प्रहरी बलको विपद् व्यवस्थापन तालिम केन्द्र चितवनबाट थप जनशक्ति मगाएर ३६ बढी गोताखोरसहितको टोलीले ड्रोन, सोनार क्यामेरा तथा म्याग्नेटको सहायताले खोजी तथा उद्धारको कार्य गरिरहेको छ। हराएको गाडी र यात्रुको खोजीमा नेपाल प्रहरीका ७० बढी जनशक्ति खटिएका छन्। तर, नतिजा भने हात लाग्न सकेको छैन। सुरक्षा निकायले खोज तथा उद्धारमा उच्च प्रविधि प्रयोग गरिरहेको दावी गरेपनि कर्णालीको धमिलो र उच्च बहाबको भंगालोमा ति उपकरण कामयावी बन्न सकेका छैनन्।

नेपाली सेनाको विपद् व्यवस्थापन र प्रतिकार्यका क्षेत्रमा लामो समय काम गरेका एक अधिकृतका अनुसार नेपालका उच्च बहाव र धमिलो पानी भएका नदीहरुमा हाल प्रयोग भइरहेको प्रविधि असफल छ। यसको पुष्टि २८ असार २०८१ मा चितवनको सिमलतालबाट त्रिशुली नदीमा खसेका दुई वटा रात्री बसको खोज तथा उद्धारमा भइसकेको नाम बताउँन नचाहने ति सैनिक अधिकृत बताउँछन्।

वीरगञ्जबाट काठमाडौं आउँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौंबाट गौर जाँदै गरेको बागमती प्रदेश ०३-२४९५ ख ००१

▶ बाँकी ३ पेजमा

कर्णालीका सांसदको आक्रोस

बिहिबारको प्रतिनिधिसभाको आकस्मिक बैठकमा कर्णालीबाट प्रतिनिधित्व गर्ने सांसदहरुले कर्णाली नदीमा खसेर वेपत्ता भएको फोर्स गाडी र त्यसमा सवार यात्रुको उद्धारमा भएको ढिलाईप्रति आक्रोस व्यक्त गरेका छन्।

उनीहरुले कर्णाली र कर्णालीवासी नेपाली हुन् वा होइनन् भनेर स्पष्ट हुन सरकारलाई चुनौती दिएका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का प्रमुख सचेतक ज्ञानबहादुर शाहीले दैलेखस्थित कर्णाली नदीमा भएको सवारी दुर्घटना र उद्धारमा भएको ढिलाइप्रति भावुक बन्दै आक्रोश पोखे।

उनले सरकारको विपद् व्यवस्थापन क्षमतामाथि प्रश्न उठाउँदै कर्णालीमाथि विभेद भएको आरोप लगाए। दुर्घटनापछि नदीको बीचमा फसेका नागरिकहरूले 'बचाइदिनुहोस्' भन्दै गुहार माग्दासमेत समयमै उद्धार नपुगेको भन्दै उनले राज्य असफल रहेको बताए।

▶ बाँकी ३ पेजमा

बाँके राष्ट्रिय निकुञ्जमा हात्ती पूजा मानव-हात्ती सहअस्तित्वको कामना

सरला सुवेदी
बाँके, २२ असार ।

मानव र वन्यजन्तुबीचको सहअस्तित्व कायम राख्ने तथा जैविक विविधता संरक्षणप्रति जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले बाँके राष्ट्रिय निकुञ्जमा परम्पराअनुसार यस वर्ष पनि हात्ती पूजा गरिएको छ।

प्रत्येक वर्ष असार महिनामा गरिने यस परम्पराअनुसार आइतबार निकुञ्जको हातिसारमा रहेका ६ वटा हात्तीलाई विधिपूर्वक पूजा गरी सम्मान गरिएको हो । वन तथा वातावरणसँग सरोकार राख्ने विभिन्न निकायका प्रतिनिधि, निकुञ्जका कर्मचारी, माउते तथा संरक्षणकर्मीको सहभागितामा सम्पन्न पूजामा वन्यजन्तुले मानव बस्तीमा हानी-नोक्सानी नपुऱ्याओस् र मानव-हात्तीबीचको सहअस्तित्व थप सुदृढ बनोस् भन्ने कामना गरिएको थियो।

बाँके राष्ट्रिय निकुञ्जका प्रमुख वीरेन्द्र प्रसाद कडेलले तराईका राष्ट्रिय निकुञ्जहरूमा हात्तीलाई वन्यजन्तु संरक्षण, नियमित गस्ती, उद्धार तथा व्यवस्थापनका महत्वपूर्ण कार्यमा प्रयोग गरिँदै आएको बताए संरक्षण अभियानमा निरन्तर योगदान दिँदै आएका हात्तीप्रति सम्मान प्रकट गर्न हरेक वर्ष परम्पराअनुसार पूजा

▶ बाँकी ४ पेजमा

कालीकोटमा 'विषादी न्यूनीकरण अभियान'

युग संवाददाता
कालीकोट, २२ असार ।

विषादीले मानव स्वास्थ्य र कृषिमा गम्भीर चुनौती थपिएको भन्दै प्रयोगलाई कम गर्ने उद्देश्यले आज कालीकोटमा 'विषादी जोखिम न्यूनीकरण' अभियान सञ्चालन गरिएको छ।

जिल्ला कृषि विकास कार्यालय कालीकोटको सक्रियतामा स्थानीय कृषकको खेतबारीसम्म पुगेर बजार अनुगमनलाई तीव्रता पार्दै यहाँ 'विषादी जोखिम न्यूनीकरण' अभियान प्रभावकारी रुपमा सञ्चालन गरिएको छ। रासायनिक विषादीको प्रयोगले मानव स्वास्थ्यमा गम्भीर असर देखिएको स्वास्थ्य सेवा कार्यालय कालीकोटका प्रमुख डा रत्नवीर सुनारले बताए।

"विषादीका कारण क्यान्सर, कलेजो तथा मिर्गौलामा क्षति, ट्युमर, प्रजननसम्बन्धी समस्या, स्नायु प्रणालीमा असर, छालामा एलर्जी तथा रोग प्रतिरोधात्मक क्षमता कमजोर हुने गरेको छ", उनले भने। विषादी नियन्त्रण गर्दै सुरक्षित, स्वच्छ र पोषणयुक्त खाद्य उत्पादन तथा उपभोगलाई प्रवर्द्धन गर्न ततूतत् निकायसँग सहकार्य आवश्यक रहेको जिल्ला समन्वय प्रमुख धनजितबहादुर शाहीले बताए।

"जैविक विविधताको संरक्षण, स्वस्थ जीवनशैलीको विकास र जनचेतना अभिवृद्धिका लागि विषादी व्यवस्थापनसम्बन्धी अभियानलाई निरन्तर सञ्चालन गर्नुपर्छ", उनले भने। विषादीको प्रयोग हुन नदिन र पोषण प्रवर्द्धनलाई प्रभावकारी बनाउन स्थानीय तह, कृषि तथा स्वास्थ्य क्षेत्रसँग समन्वय गरी समुदायस्तरमा जनचेतना कार्यक्रम सञ्चालन गर्ने गरेको खाडाँचक्र नगरपालिकाका कृषि शाखा प्रमुख ध्रुव बरालले बताए।

"विषादीका प्रयोग रोक्नका लागि जनचेतनामूलक अभियान र ओसारपसारमा कडाइ गर्नुपर्छ", उनले भने। प्रमुख जिल्ला अधिकारी गोकर्णराज सुयलले खाद्यबालीमा जथाभावी विषादीको प्रयोग नगर्न अभियानमार्फत सबैलाई आग्रह गरे।

सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

मिस्त्री गुरूङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop
Birendranagar-Surkhet

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप

वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA BYD Mahindra FORCE ISUZU FOTON TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी विग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

सम्पादकीय....

खानेपानीको दीगो व्यवस्थापनमा ध्यान देऊ

अक्सिजनपछिको प्राण वायु हो खानेपानी। खानेपानी विकासी आयोजनाको विषय मात्र होइन, यो प्रत्येक नागरिकको मौलिक अधिकारसँग प्रत्यक्ष जोडिएको आधारभूत आवश्यकता पनि हो। नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइको हकलाई मौलिक हकका रूपमा सुनिश्चित गरेको छ। तर, संविधानले दिएको अधिकार व्यवहारमा कार्यान्वयन हुन नसकेसम्म त्यसको अर्थ सीमित रहन्छ। यही सन्दर्भमा सल्यानको शारदा नगरपालिकामा निर्माणाधीन जर्खु लिफ्टिङ खानेपानी आयोजना एउटा पूर्वाधार परियोजना नभई संविधानले प्रत्याभूत गरेको मौलिक हक कार्यान्वयन गर्ने महत्वपूर्ण अभियानका रूपमा स्थापित हुने चरणमा छ। ४२ करोड रुपैयाँ लागतको यो आयोजनाले हालसम्म ३५ प्रतिशत भौतिक प्रगति हासिल गरिसकेको छ। आयोजना सम्पन्न भएपछि शारदा नगरपालिकाका सात वडाका दुई हजार ६ सय ८५ घरधुरी अर्थात् १० हजार ७ सय ४० नागरिकले दीगो र स्वच्छ खानेपानीको सुविधा प्राप्त गर्नेछन्। विश्व बैंकको सहुलियतपूर्ण ऋण, संघ, प्रदेश र स्थानीय सरकारको लागत साझेदारी तथा स्थानीय तहको नेतृत्वमा अघि बढिरहेको यो परियोजनाले संघीय शासन प्रणालीको सहकार्यात्मक अभ्यासलाई पनि सुदृढ बनाएको छ।

खानेपानीको अभावले वर्षौंदेखि ग्रामीण समुदायका नागरिक, विशेषगरी महिला र बालबालिका, सबैभन्दा बढी प्रभावित हुँदै आएका छन्। दैनिक घण्टौं समय पानी बोक्न खर्चिनुपर्ने बाध्यता, दूषित पानीका कारण फैलिने रोग तथा उत्पादनशील समयको नोक्सानीले गरिबीको चक्रलाई अझ गहिरो बनाएको छ। स्वच्छ खानेपानीमा पहुँच विस्तार हुनु भनेको केवल धारामा पानी आउनु मात्र होइन; यसले स्वास्थ्य, शिक्षा, महिला सशक्तीकरण, श्रम उत्पादकत्व र समग्र जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने आधार तयार गर्छ। त्यसैले यस्ता आयोजनालाई पूर्वाधार निर्माणभन्दा पनि मानव विकासमा गरिएको लगानीका रूपमा बुझ्न आवश्यक छ। शारदा नगरपालिकाले जर्खुसँगै खैरावाङ सामुदायिक खानेपानी आयोजना पनि अघि बढाएको छ। यी दुवै आयोजना सम्पन्न भएपछि करिब १७ हजारभन्दा बढी नागरिकमा दीगो तथा सुधारिएको खानेपानी सेवा विस्तार हुनेछ। आगामी वर्षभित्र नगरपालिकाका सबै नागरिकलाई सुरक्षित खानेपानीको पहुँचमा पुऱ्याउने लक्ष्य महत्वाकांक्षी भए पनि कार्यान्वयनको गति र सरकारहरूको प्रतिबद्धताले यसलाई सम्भव बनाउने संकेत देखाएको छ।

यद्यपि चुनौती अझै बाँकी छन्। लिफ्ट प्रविधिमा आधारित आयोजना भएकाले यसको दीर्घकालीन सञ्चालनका लागि नियमित विद्युत् आपूर्ति, दक्ष प्राविधिक जनशक्ति, समयमै मर्मत-सम्भार तथा वित्तीय व्यवस्थापन उत्तिकै महत्वपूर्ण हुन्छ। आयोजना सम्पन्न भएपछि त्यसको दिगोपन सुनिश्चित गर्न स्थानीय उपभोक्ता समिति, नगरपालिकाको संस्थागत क्षमता र सेवा शुल्क व्यवस्थापनलाई पनि प्रभावकारी बनाउनुपर्नेछ। निर्माण सम्पन्न भए पनि सेवा नियमित हुन नसके मौलिक हकको प्रत्याभूति अधुरै रहन्छ। संविधानले दिएको अधिकारलाई व्यवहारमा रूपान्तरण गर्ने दायित्व राज्यको हो। शारदा नगरपालिकामा भइरहेको लगानीले यही दायित्व पूरा गर्ने दिशामा सकारात्मक उदाहरण प्रस्तुत गरेको छ। अब आवश्यक कुरा आयोजना समयमै सम्पन्न गर्नु, गुणस्तरमा कुनै सम्झौता नगर्नु र प्रत्येक घरधुरीमा सुरक्षित खानेपानीको दिगो पहुँच सुनिश्चित गर्नु हो। जब प्रत्येक नागरिकले सहज रूपमा स्वच्छ खानेपानी पाउनेछन्, तब मात्रै संविधानले प्रत्याभूत गरेको मौलिक हकको वास्तविक अनुभूति हुनेछ।

विश्व

खामेनीको अन्त्येष्टिका लागि तेहरानमा विशाल जुलुस

तेहरान, २२ असार ।

इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनीको अन्तिम संस्कारका लागि सोमबार राजधानी तेहरानमा विशाल शोक जुलुस सुरु भएको छ। खामेनीको पार्थिव शरीरलाई राष्ट्रिय झण्डाले ढाकिएको कफिनमा राखी परिवारका सदस्यहरूसहित ट्रकमार्फत तेहरानका मुख्य सडक हुँदै मेहराबाद अन्तर्राष्ट्रिय विमानस्थलतर्फ लगिएको छ। फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले सुरु गरेको युद्धको प्रारम्भिक चरणमा भएको हवाई आक्रमणमा उहाँको मृत्यु भएको थियो।

इरानी राज्य सञ्चारमाध्यमका अनुसार जुलुस सुरु भइसकेको छ भने सरकारप्रति जनसमर्थन प्रदर्शन गर्ने उद्देश्यले ठूलो सङ्ख्यामा नागरिकलाई सहभागी गराइएको छ। शोक अवधिलाई मध्यनजर गर्दै सडक, हवाई क्षेत्र तथा सार्वजनिक गतिविधिमा विशेष प्रतिबन्ध लगाइएको छ। शनिबारदेखि सुरु भएको राष्ट्रिय शोक बिहीबारसम्म रहनेछ। त्यसपछि ८६ वर्षीय खामेनीलाई उहाँको जन्मस्थान मशहदस्थित इमाम रेजा मन्दिर परिसरमा अन्त्येष्टि गरिनेछ।

यसबीच, संयुक्त राज्य अमेरिकाले हर्मुज जलघाँटी पूर्ण रूपमा पुनः सञ्चालन, इरानको विवादित आणविक कार्यक्रम नियन्त्रण तथा युद्धको स्थायी अन्त्यका लागि वार्ता अघि बढाउन दबाब दिइरहे पनि अन्त्येष्टि सम्पन्न नभएसम्म वार्ता स्थगित रहने सङ्केत देखिएको छ।

अन्त्येष्टिको वातावरणबीच खामेनीको मृत्युको बदला लिनुपर्ने आवाज पनि चर्किएको छ। जुलुसमा सहभागी केही शोकाकुल व्यक्तिहरूले बोकेका प्लेकार्डमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्ध आक्रोश व्यक्त गरिएको थियो। अमेरिकी अधिकारीहरूले सन् २०२० मा जनरल कासिम सुलेमानीको हत्या भएपछि ट्रम्प र अन्य अधिकारीविरुद्ध इरानबाट आउने सम्भावित धम्कीहरू लामो समयदेखि निगरानीमा राख्दै आएका छन्। यद्यपि इरानले ट्रम्पको हत्या गर्ने कुनै षड्यन्त्र रहेको आरोप निरन्तर अस्वीकार गर्दै आएको छ।

यता ट्रम्पले पनि युद्धका क्रममा इरानविरुद्ध कडा चेतावनी दिँदै देशको सभ्यतासमेत ध्वस्त पार्ने धम्की दिएका थिए। शोक जुलुसमा सहभागी फातिमा हसनले भने, "आज हामी आफ्ना नेताप्रति अन्तिम श्रद्धाञ्जलि अर्पण गर्न आएका छौं। यो हाम्रो लागि अत्यन्त पीडादायी दिन हो। हामी उहाँलाई बिदाइ मात्र गर्न होइन, उहाँको मृत्युको बदला लिन पनि प्रतिबद्ध छौं।"

सरकारका १०० दिन :

आशाको उज्यालोमा आशंकाका बादल पनि

डा. खिमलाल देवकोटा

बालेन सरकारको हनिमुन अवधि समाप्त भएको छ। नेपाली राजनीतिमा भिन्न परिवेशमा, अप्रत्याशित रूपमा गठन भएको जेनजी आन्दोलनको खरानीको जगमा उभिएको सरकारको समीक्षा गर्न सहज काम पक्कै होइन। विगतका सरकारका बारेमा भन्दा यो सरकारका बारेमा टिप्पणी चुनौतीपूर्ण छ।

एकथरी सरकारका हरेक काम राम्रै राम्रो देख्नेहरू छन्, विरोध वा आलोचनाका स्वरहरू आए भने अरिङ्गालकै शैलीमा सामाजिक सञ्जालमा झम्टाइ खानु छ। अर्काथरी जे गरे पनि आलोचनात्मक छन्। निष्पक्ष हुन कठिन छ। तथापि वस्तुनिष्ठ हुने प्रयत्नका साथ यो लेख तयार गरिएको छ।

नेपालमा कुनै पनि नयाँ सरकार गठन हुँदा जनताका अपेक्षा असाधारण हुन्छन्। राजनीतिक अस्थिरता, सुस्त अर्थतन्त्र, बेरोजगारी, भ्रष्टाचार र कमजोर सेवा प्रवाहबाट आजित नागरिकले प्रत्येक नयाँ नेतृत्वमा परिवर्तनको सम्भावना देख्छन्। जेनजी आन्दोलनको खरानीमा उभिएको परिवेश, पुराना दलका नेता-कार्यकर्तामा छाएको त्रास समेतका कारण बालेन नेतृत्वको सरकार गठन हुँदा पनि जनताले यसलाई केवल सरकार परिवर्तनका रूपमा होइन, राजनीतिक कार्यशैली परिवर्तनको अवसरका रूपमा हेरेका छन्।

बालेन सरकारले १०० दिन पूरा गरेको छ। अन्तर्राष्ट्रिय अभ्यासमा पनि १०० दिनलाई सरकारको अन्तिम मूल्याङ्कन गर्ने आधार मानिदैन, यो केवल प्रारम्भिक आकलनसम्म हो। तर यसले सरकारको प्राथमिकता, नेतृत्वको क्षमता र नीति कार्यान्वयनको दिशाबारे स्पष्ट सङ्केत भने अवश्य दिन्छ। यस दृष्टिले हेर्दा बालेन सरकारका पहिलो १०० दिन उत्साहजनक सुरुआत र विधिको लय नमिलेको अवस्थामा अगाडि बढिरहेको देखिन्छ।

सरकारका सकारात्मक पक्ष

आउनुहोस्, सरकारका सकारात्मक कुराबाट आरम्भ गरौं। सरकारको पहिलो सकारात्मक पक्ष भनेको निर्णय गर्ने तत्परता हो। विगतका धेरै सरकार गठबन्धनका हुन्थे, सबैको मत मिल्दैनथ्यो। अनि निर्णय लिनै नसक्ने, फाइलहरू महिनौंसम्म रोक्ने र प्रशासनिक अनिर्णयमा अल्झिने आलोचनाबाट गुज्रिएका थिए। अहिले भने सरकारलाई त्यो बाध्यता छैन, त्यसकारण पनि कम्तीमा निर्णय लिन तयार देखिएको छ। यसले प्रशासनमा केही त्रासका साथ भए पनि शीघ्रता र गतिशीलता आएको अनुभूति गराएको छ।

दोस्रो, सरकारले सुशासन र भ्रष्टाचार नियन्त्रणलाई राजनीतिक एजेन्डाको केन्द्रमा राख्ने प्रयास गरेको देखिन्छ। सार्वजनिक रूपमा जवाफदेही, पारदर्शिता र अनियमितता विरुद्ध शून्य सहनशीलताको प्रतिबद्धता व्यक्त गरेको छ। तर नेपालको अनुभवले एउटा कुरा सिकाएको छ कि भ्रष्टाचार विरुद्धको लडाइँ भाषणले होइन, निष्पक्ष अनुसन्धान, अभियोजन र अदालतको अन्तिम निर्णयले मात्र प्रमाणित हुन्छ। त्यसैले यो क्षेत्रमा सरकारको वास्तविक मूल्याङ्कन हुन अझ समय लाग्नेछ।

तेस्रो, सरकारले प्रशासनलाई परिणाममुखी बनाउन खोजेको देखिन्छ। मन्त्रालयहरूको कार्यसम्पादन समीक्षा, समयसीमा तोक्ने अभ्यास र सेवा प्रवाह सुधारका प्रयास सकारात्मक सङ्केत हुन्। यद्यपि यी प्रयासहरू प्रशासनिक संयन्त्रले सहर्ष स्वीकार गरेमा, स्वामित्व ग्रहण गरेमा र स्थायी प्रशासनिक संस्कृतिमा रूपान्तरण हुनसके मात्र यसको अर्थ रहनेछ। तर सरकारको वास्तविक परीक्षा राजनीतिक घोषणामा होइन, जनताको दैनिक जीवनमा आएको परिवर्तनमा हुन्छ। जनताले गरेको महसुस वा आत्मसातीकरणमा हुनेछ।

आर्थिक र संरचनागत चुनौती

पहिलो सय दिनमा आमनागरिकले सबैभन्दा बढी महसुस गर्ने विषय अर्थतन्त्र हो। सरकारको ढुकुटी सीमित छ, जनताका आकाङ्क्षा व्यापक छन्। यसै कारणले यस क्षेत्रमा सरकारको उपलब्धि सीमित देखिन्छ। कमाउनेले तिर्ने प्रगतिशील करको सिद्धान्तभन्दा भान्सा र बिजुलीमा करको भार थोपरेर मध्यम वर्गलाई छुट दिने र आधारभूत वर्गलाई थोपर्ने नीति बजेटले लियो। यसले आमजनतामा सकारात्मक सन्देश दिनसकेको छैन। बजारमा मूल्य वृद्धिको दबाब उल्लेखनीय रूपमा कायमै छ; बढेको छ, घटेको छैन। दैनिक उपभोग्य वस्तु, शिक्षा, स्वास्थ्य र निर्माणसँग सम्बन्धित खर्च अझै सर्वसाधारणका लागि चुनौती बनेकै छन्।

सरकारले केही सकारात्मक आर्थिक सङ्केतहरूको चर्चा गरे पनि ती सूचकहरू सामान्य नागरिकको भान्सासम्म पुग्न सकेका छैनन्। आर्थिक नीतिको सफलता अन्ततः तथ्याङ्कले मात्र होइन, नागरिकको भोगाइ, महसुसगराइ र जीवनस्तरले मापन हुन्छ।

रोजगारी अर्को गम्भीर चुनौती हो। प्रत्येक वर्ष हजारौं युवा अवसरको खोजीमा विदेशिइरहेका छन्। वैदेशिक रोजगार नेपाली अर्थतन्त्रको आधार बने पनि यो दीर्घकालीन समाधान होइन। पहिलो १०० दिनमा उत्पादन वृद्धि, उद्योग विस्तार र निजी क्षेत्र मार्फत रोजगारी सिर्जना गर्ने आधार सहितको ठोस उपलब्धिको सङ्केत पनि देखिएन।

निजी क्षेत्रको मनोबल बढाउनु पनि सरकारको प्रमुख दायित्व हो। उद्योगी-व्यवसायीले स्पष्ट नीति, स्थायित्व र प्रशासनिक सहजता खोजिरहेका छन्। लगानीकर्ताको विश्वास पुनःस्थापित नगरी आर्थिक पुनरुत्थान सम्भव छैन। यसका लागि बजेटका माध्यमबाट प्रयत्न गरेको छ। 'यो बजेट मध्यमवर्ग केन्द्रित हो' भन्दै थुप्रै कर छुटका प्रावधानहरूको घोषणा गरिएको छ। तर 'ठेकेदारका खुट्टा भाँचेर भए पनि काम गराउने' भन्ने मन्त्रीको भनाइ वा 'रूखमा बाँधेर भए पनि काम गराइन्छ' भन्ने प्रधानमन्त्री स्वयम् को निर्वाचनका बखतको बोलीले त्यो पङ्क्ति त्रासमा छ, कामको परिणाममा छैन।

सङ्घीय शासन व्यवस्थाको प्रभावकारी कार्यान्वयन पनि सरकारको अर्को परीक्षा हो। संविधानले सङ्घ, प्रदेश र स्थानीय तह बीच सहकार्य, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई स्वीकार गरेको छ। तर व्यवहारमा अधिकार बाँडफाँट, कर्मचारी व्यवस्थापन, वित्तीय हस्तान्तरण र कानूनी अस्पष्टताका प्रश्न अझै समाधान हुनसकेका छैनन्। दर्जनौं अध्यादेश र नयाँ कानून आउँदा निजामती, शिक्षा जस्ता कानून अझै अलमलमा छन् भने प्रहरी समायोजनको कुनै छाँटकाँट छैन। बरु 'प्रदेश खारेजी' को भाष्यले नकारात्मक ग्राफ बढाएको छ।

पहिलो १०० दिनमा यी संरचनागत समस्याको दीर्घकालीन समाधानतर्फ उल्लेखनीय पहल देखिएन। सङ्घीयता सफल बनाउन राजनीतिक इच्छाशक्ति मात्र पर्याप्त हुँदैन; संस्थागत समन्वय र कानूनी स्पष्टता पनि आवश्यक हुन्छ।

पूर्वाधार विकासका क्षेत्रमा पनि मिश्रित अवस्था देखिएको छ। सरकारले राष्ट्रिय गौरवका आयोजनालाई प्राथमिकता दिएको जनाएको छ। तर नेपालमा विकासको मुख्य समस्या बजेट अभावभन्दा बढी कार्यान्वयन क्षमताको कमजोरी हो। खरिद प्रक्रिया, ठेक्का व्यवस्थापन, समन्वय अभाव र प्रशासनिक ढिलासुस्तीका पुराना समस्या अझै कायम छन्। 'आधा समय बजेट पुगेन' भन्ने रडाको, 'बाँकी आधा समय खर्च गर्न सकेन' भन्ने गुनासो बजेटका भाष्य बनेका छन्।

कार्यशैली र विवादित कदम

सरकारले जनतासँग प्रत्यक्ष होइन, सामाजिक सञ्जाल मार्फत संवाद गर्ने नयाँ शैली अपनाएको छ। आधुनिक लोकतन्त्रमा यस्तो संवाद आवश्यक पनि हो। तर संवाद मात्र पर्याप्त हुँदैन। जनताले अन्ततः फेसबुक पोस्ट, भिडियो वा भाषण होइन, आफ्नो प्रत्यक्ष भेटघाटका माध्यमबाट आफ्नो दैनिक जीवनमा आएको परिवर्तनलाई आधार बनाएर सरकारको मूल्याङ्कन गर्छन्।

'मेरिटोक्रेसी' लाई नारा बनाएको सरकारले १५ सय ९४ नियुक्ति ठाडो अध्यादेशका माध्यमबाट खारेज गर्दा रास्वपाले नै सम्हालेको मन्त्रालयका माध्यमबाट प्रतिस्पर्धामा छानिएका अब्बल विश्वविद्यालयका पदाधिकारीहरू पनि हटाइए। अहिले ती स्थान आफ्नाहरूबाट भरिदैछ भन्ने छनक दिएको छ। संवैधानिक नियुक्तिमा देखाएको अनावश्यक चासोले राम्रो सन्देश दिएको छैन। प्रतिशोध देखिने हतारका गिरफ्तारीले सरकारका कामकारबाही निष्पक्ष देखिएका छैनन्।

'नेपालले पनि भारतको सीमा मिचेको' भन्ने अभिव्यक्ति, मेयर छँदा 'ग्रेटर नेपाल' को नक्शा राखेको घटना, विदेशी कूटनीतिज्ञहरूलाई गरेको अमर्यादित व्यवहार, संवैधानिक अङ्गका पदाधिकारीहरूलाई बन्धक बनाएर काम लगाउने शैली सदैव आलोच्य विषय हुन्; जसले सरकारको छवि धुमिल्याउने खतरा छ।

५२ सचिव हटाएर ५७ सचिवसरहका सल्लाहकारको नियुक्ति सुशासनका दृष्टिले बिल्कुलै म्याच खाँदैन। नियमित ब्युरोक्रेसीलाई नपत्याउँदा, यसअघि पटक-पटक अभ्यास भएको तर फेल भएकै अभ्यास पछ्याउँदा असफलता नै हात लाग्ने हो, यसतर्फ ध्यान दिएको देखिएन।

सुकुमवासीको उठीबासको तरिका र परिणाम दुवै स्वीकार्य भएनन्। सत्तारूढ पार्टीको पहिलो महाधिवेशन, व्यवस्थापन, निर्वाचन र दस्तावेज पेश तथा पारितको तरिकाले लोकतन्त्र होइन, अधिनायकतन्त्रको झल्को देखियो। त्यसको अपजस सरकारमा पर्ने निश्चितै छ।

बिचौलिया अन्त्यको नारा निकै लोकप्रिय छ, तर यातायात लगायत थुप्रै क्षेत्रको सिन्डिकेट तोड्नेतर्फ कुनै चर्चा पनि भएन। यसले 'सरकार सिन्डिकेटको चङ्गुलमा फस्यो कि ?' भन्ने आशङ्काले ठाउँ पाएको छ।

निष्कर्ष र अबको बाटो

सरकारका समर्थक र आलोचक दुवैका तर्कमा केही सत्यता छ। समर्थकहरूका अनुसार, १०० दिनमा दशकौं पुराना समस्या समाधान गर्न सम्भव हुँदैन। आलोचकहरूका अनुसार, जनताले देख्ने गरी कम्तीमा केही ठोस परिणाम आउनुपर्ने थियो। यथार्थ यी दुई दृष्टिकोणको बीचमा छ।

लोकप्रियतावादी रुझानबाट सत्तारोहण गरेको सरकारलाई अब लोकप्रिय नाराभन्दा अप्रिय तर परिणाममुखी, कठिन निर्णयहरूको आवश्यकता छ। अर्थतन्त्रलाई चलायमान बनाउने, निजी क्षेत्रको विश्वास जित्ने, रोजगारी सिर्जना गर्ने, सङ्घीय शासनलाई प्रभावकारी बनाउने, सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने र भ्रष्टाचार विरुद्ध आग्रह होइन, निष्पक्ष कारबाहीलाई संस्थागत गर्ने कार्य अबको प्राथमिकता बन्नुपर्छ।

लोकतन्त्रमा कुनै पनि सरकारको सफलता विपक्षीले गर्ने प्रशंसाले होइन, जनताले गर्ने विश्वासले मापन हुन्छ। त्यो विश्वास भाषणबाट होइन, जनताको अनुभूति र दैनिक जीवनको भोगाइको परिणामबाट प्राप्त हुन्छ।

त्यसैले बालेन सरकारका पहिलो १०० दिनको निष्कर्ष एक वाक्यमा भन्नुपर्दा– सरकारले आशङ्का सहित आशा जगाउन सफल भएको छ, तर त्यो आशालाई उपलब्धिमा रूपान्तरण गर्ने सबैभन्दा कठिन चरण अब शुरु भएको छ। जनताको अपेक्षा पूरा गर्ने, भूराजनीतिक जटिलतालाई झेल्दै कूटनीतिक मर्यादा र सन्तुलन कायम गर्ने, राष्ट्रियता, एकता र स्वाभिमान अभिवृद्धि गर्दै जनताका समस्याको समाधानसँगै जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने सरकारका कार्यभार हुन्। राष्ट्रियता, जनतन्त्र र जनजीविकालाई केन्द्रमा राखी गरिने कार्य नै मूल्याङ्कनका आधार हुन्।

आगामी महिनाहरूमा सरकारको वास्तविक मूल्याङ्कन नाराले होइन, नागरिकले प्रत्यक्ष अनुभूति गर्ने परिवर्तनले गर्नेछन्।

(अनलाइन खबर)

महत्वपूर्ण टेलिफोन नम्बर

एम्बुलेन्स

एम्बुलेन्स (नेपाल रेडक्रस)	: ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी)	: ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति)	: ९८२२४११५८६
शव वाहन	: ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय	: १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय	: ०८३-५२५४९६
विद्युत फ्यूज सेवा	:०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन	: १०९८
विमान स्थल	
सुर्खेत	: ०८३-५२१९४५/५२५२१९
जुम्ला	: ०८७-५२०१९०
मुगु ताल्चा :	
हुम्ला	: ०८७-६८००८०
डोल्पा	: ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम)	: ०८८-४०१०४८
नेपालगन्ज	: ०८१-५६५२०५
दमकल	
वीरेन्द्रनगर न.पा. :	: १०१
भेरीगंगा न.पा.	: ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा.	: ०८९-४१०२०१
अस्पताल	
दैलेख जिल्ला अस्पताल	: ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत	: ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि.	: ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि.	: ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम)	: ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम)	: ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ)	: ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था)	: ९८६८११६०५२
जाजरकोट अपस्ताल	: ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा	: ०८७-५५०१११
जिल्ला अस्पताल मुगु	: ०८७-४६०१६२

आजको राशिफल

मेष

बुद्धिको उपयोगले लक्ष्य प्राप्त हुनेछ। फाइदाको स्रोत पहिल्याउन सकिनेछ। अध्ययनमा राम्रो उपलब्धि प्राप्त हुनेछ। बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ।

वृष

निर्णायक मोडमा दुविधा उत्पन्न हुने हुँदा विशेष सजगता अपनाउनुहोला। बेलैमा योजना बनाएर गरेको कामले फाइदा हुनेछ।

मिथुन

सहयोगीहरूले साथ नदिए पनि केही काम सम्पादन हुनेछन्। पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ।

कर्कट

अध्ययनमा प्रगति गर्दै ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ। सुखद् समाचारले उत्साह जगाउनेछ। आम्दानीका स्रोत बढ्ने छन्।

सिंह

दिन रमाइलो रहनेछ। नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन्। पहिलेको सफलताले हौसला जगाउनेछ।

कन्या

दिगो योजनाका लागि ऋण लिने समय छ। अवसरका लागि केही दौडधुप गर्नुपर्ला। खर्च लागे पनि लगानी बढाउने अवसर प्राप्त हुनेछ।

तुला

मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ। आयआर्जनका स्रोत बढ्नेछन् र प्रतीक्षित नतिजाले पनि उत्साह जगाउनेछ।

वृश्चिक

कामको राम्रै मूल्यांकन भए पनि प्रतिफल हातपार्न केही समय लाग्नेछ। अरूको मुख ताक्ने बानीले पछि परिनेछ। साइनो गाँस्नेहरूबाट जोगिएर काम गर्नुहोला।

धनु

फाइदा सामान्य भए पनि तारिफयोग्य काम थालनी हुनेछ। धर्मकर्म तथा परोपकारमा प्रवृत्त भइएला। चिताएको काम छिटै सम्पादन हुनेछ।

मकर

अस्वस्थताले कमजोरी अनुभव हुनेछ। अध्ययन र बौद्धिक काममा पछि परिनेछ भने व्यापारमा सोचेको फाइदा नउठ्ने देखिन्छ।

कुम्भ

विभिन्न अवसरले पछ्याउनेछन् भने कामको सन्दर्भमा विशिष्ट व्यक्तिहरूसँग मित्रता बढ्न सक्छ। मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ।

मीन

पहिलेको सफलताले हौसला जगाउनेछ भने पछिका लागि विशेष काममा जग बसाउने मौका छ। प्रयत्न गर्दा अवसर प्राप्त हुनेछ।

अनुमति बिना घुम्ती व्यापार व्यवसाय गर्न नपाइने

युग संवाददाता

कञ्चनपुर, २२ असार ।

कञ्चनपुरको शुक्लाफाँटा नगरपालिकामा अनुमति विना अनधिकृत रूपमा घुम्ती व्यापार व्यवसाय सञ्चालन गर्न नपाइने भएको छ । नगरपालिकाको क्षेत्राधिकार भित्र पूर्व स्वीकृति नलिई ढुवानी तथा सवारी साधनको प्रयोग गरी व्यवसाय गरेको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही गरिने भएको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज बिष्टका अनुसार पालिकाको क्षेत्राधिकार भित्र अनधिकृत रूपमा मोटरसाइकल, टाँगा, रिक्सा, मिनी ट्रक लगायतका सवारी साधनहरू मार्फत पूर्व स्वीकृति विना व्यापार व्यवसाय गरि रहेको गुनासो आएपछि कडाई गरिएको हो ।

हाल नगरपालिकाको पूर्व स्वीकृति नलिई बजार तथा ग्रामीण क्षेत्रमा पुगेर घुम्ती व्यापार गर्नेहरूमा अधिकांश भारतीय नागरिकहरू रहेको पाइएको छ। पूर्व स्वीकृति विना व्यापार गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही प्रक्रिया अगाडि बढाइने अधिकृत बिष्टले स्पष्ट पारे ।

त्यसैगरी, नगरपालिकाले सडक क्षेत्रलाई सुरक्षित र जोखिममुक्त बनाउन विशेष कार्य अगाडि बढाएको छ। स्थानीय सडक, सडक किनारा तथा अन्य सार्वजनिक स्थानहरूमा पशु चौपाया बाँध्ने एवं बालुवा, गिट्टी, ढुङ्गा, काठ, इँटा, माटो लगायतका निर्माण सामग्री थुपार्ने कार्यलाई निरुत्साहित गर्न लागिएको छ।

नगरपालिकाको पूर्व स्वीकृति विना सडकमा निर्माण सामग्री थुपार्ने र सडक खनेर क्षति पुऱ्याउने कार्यले सर्वसाधारण तथा सवारी साधनको आवतजावतमा बाधा पुग्नुका साथै दुर्घटनाको जोखिम बढेकाले यस्ता कार्य नगर्न आग्रह गरिएको छ। "सडक क्षेत्रमा अवरोध पुऱ्याउने वा क्षति गर्ने कार्य गरिएको पाइएमा नगरपालिकाको सडक मापदण्ड कार्यविधि २०७६ बमोजिम कारबाही गरिनेछ," प्रमुख प्रशासकीय अधिकृत बिष्टले भने ।

पाँच...

नम्बरको गणपति डिलक्स बस चितवनको सिमलतालमा खसेको पहिरोसँगै बगेर त्रिशूली नदीमा यात्रु बेपत्ता भएका थिए। अहिले कर्णाली नदीमा प्रयोग गरिएको प्रविधिले सिमलतालमा बेपत्ता भएका बस तथा यात्रुको अवस्था पत्ता लगाउन नसकेपछि खोज तथा उद्धार स्थगित भएको थियो। सेनाका ति अधिकतृका अनुसार विपद् प्रतिकार्यका लागि पर्याप्त स्रोत, साधन र दक्ष जनशक्तिको अभाव छ।

कर्णालीका...

उनले घटनाका क्रममा आकाशमा हेलिकोप्टर देखिए पनि त्यो उद्धारका लागि नभई मन्त्रीको सवारीका लागि प्रयोग भएको दाबी गरे। त्यस्तै, उद्धार टोलीसँग आवश्यक साधनको अभाव रहेको र सुरक्षाकर्मी घटनास्थलमा पुग्न पाँच घण्टा लागेको उल्लेख गर्दै ढिलाइका कारण धेरै नागरिकको ज्यान गएको बताए।

शाहीले उक्त दुर्घटनाले केवल केही व्यक्तिको ज्यान मात्रै नगई धेरै परिवारको भविष्य अन्धकार बनेको उल्लेख गरे। 'के कर्णालीका जनता यो देशका नागरिक होइनन् ? यदि कर्णाली पनि नेपाल हो भने विपद्को बेला राज्य किन अनुपस्थित हुन्छ ?,' उनले प्रश्न गरे। शाहीले सरकारले विपद् व्यवस्थापनका लागि हेलिकोप्टर सञ्चालन र उद्धारलाई प्राथमिकता दिने प्रतिबद्धता जनाए पनि व्यवहारमा कर्णालीले त्यो अनुभूति गर्न नसकेको बताए।

'आकाशमा मन्त्रीको हेलिकोप्टर उडिरहँदा नदीमा नागरिकहरू डुबिरहेका थिए,' उनले भने। सांसद शाहीले सभामुखमार्फत सरकारसँग घटनाको सत्यतथ्य सार्वजनिक गर्न, उद्धारमा भएको ढिलाइको जिम्मेवारी निर्धारण गर्न, दोषीमाथी कारबाही गर्न तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिने प्रभावकारी व्यवस्था गर्न रुलिङ गर्न आग्रह गरे। 'कर्णालीले दया होइन, अधिकार खोजेको छ। कर्णालीले सहानुभूति होइन, समान व्यवहार खोजेको छ,' उनले भने। सांसद शाहीले कर्णालीका नागरिकको जीवन र सुरक्षाको अधिकार सुनिश्चित गर्न सरकारसँग माग गरे।

त्यस्तै, नेकपा (एमाले) की सांसद यशोदाकुमारी बरालले कर्णालीलाई राज्यले सधैं उपेक्षा गरेको बताइन। प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा बोल्दै उनले प्रधानमन्त्री वालेन्द्र शाह 'कर्णालीका सुइना मेरा सुइना' भनेर रमाइरहेको आरोप लगाइन 'शिक्षा र स्वास्थ्य होइन, हिँड्ने बाटो देऊ भन्दा कर्णालीका जनताले भिख मागेजस्तै गर्नुपर्छ। हामी भिख माग्न आएका होइनौं, अधिकार माग्न आएका हौं। यो कुरामा ध्यान दिइयोस्,' उनले भनिन्।

कर्णाली राजमार्गमा भएको दुर्घटनाको ७२ घण्टा भइसक्दा पनि न सास भेटिएको छ न लास भेटिएको उनले बताइन्। कर्णालीको लासको थुप्रोलाई राज्यले हेरिरहेको उनले प्रतिक्रिया दिइन्। 'कर्णालीका जनता नेपाली हुन् कि होइनन् ? कर्णालीका जनताले बाँच्न पाउनुपर्छ कि पर्दैन ? कहिलेसम्म राज्यको आँखा पुग्छ ?,' उनले प्रश्न गरिन्। बिहान हिँडेका कर्णालीका जनता बेलुका घर फर्कन्छन् कि फर्किदैनन् भन्ने डरमा बाँच्नुपरेको उनको भनाई छ।

नेपाली कांग्रेसकी सांसद वासना थापाले कर्णाली नदीमा खसेको गाडी र त्यसमा सवार यात्रुका बारेमा पाँच दिनसम्म पनि राज्य संयन्त्रबाट एकिन तथ्यांक नआउनु बिडम्बना भएको बताएकी छन्। सोमबारको प्रतिनिधिसभा बैठकको आकस्मिक समयमा बोल्दै थापाले भनिन्, 'यो दुर्घटना हाम्रा लागि कुनै नौलो घटना होइन। दिनहुँ जस्तो कर्णालीका सडकमा रगत बगिरहेको छ। कर्णालीका सडकहरु आज सडक रहेनन्, ति मृत्यु मार्ग जस्तो देखिएका छन्।

अब कहिलेसम्म कर्णालीले यस्तो नियति भोग्नु पर्ने हो ? प्रत्येक पाइलामा नागरिकले ज्यान हत्केलामा राखेर हिँड्नु पर्ने हामी कस्तो राज्यमा छौं ?' उनले राजधानीका सुविधा सम्पन्न होटलमा बसेर कर्णालीलाई तारिफ नचाहिने बताइन। 'कर्णालीका सडकमा नियमन गर्ने निकाय छैन, दुर्घटनाबाट उद्धार गर्ने उपकरण छैन। हामी राजधानीमा सुविधा सम्पन्न तारे होटलमा बसेर आहा कर्णाली त स्वर्ग हो भनेर भाषण गर्छौं । प्रधानमन्त्रीज्यूले पनि कर्णालीमा गएर स्वर्गकी रानी, कर्णालीका सुइना भनेर सम्बोधन गर्नुभयो। म यहाँ उभिएर सोध्न चाहन्छु-के कर्णाली बासीले स्वर्ग देख्न मरेरै जानुपर्ने हो ? के कर्णालीका जनताको निधारमा सधै अकालको मृत्यु मात्रै लेखिरहनु पर्ने हो ?' सांसद थापाले कर्णालीलाई मृत्युमार्ग नभई सुरक्षित सडक चाहिएको जिकिर गरिन। नेपाली कम्यूनिष्ट पार्टी (नेकपा) का सांसद महेन्द्रबहादुर शाहीले कर्णालीको सडक दुर्घटनालाई न्यूनीकरण गर्न तत्काल सरकारले कदम चाल्नुपर्ने बताए।

त्यस्तै, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद रमेश सापकोटाले कर्णाली राजमार्गलाई मापदण्डसहित नबनाउने यसअघिका सरकारको नेतृत्वमा रहेकालाई कारवाही गर्नुपर्ने माग गरे। कर्णाली राजमार्गका विभिन्न स्थानमा राखिएका प्रहरी चेक पोष्टमा घण्टौ बढी गाडी रोकिदा यात्रुलाई समयमै गन्तव्यमा पुऱ्याउन चालकले तीव्र गतिमा गाडी चलाउने हुँदा दुर्घटनाको जोखिम बढेका प्रति सापकोटाले सरकारको ध्याकर्षण गराए। उनले कर्णालीका सडकमा दोहोरिने यस्ता घटनालाई न्यूनिकरण गर्न सरकारले ध्यान पुऱ्याउनुपर्नेमा जोड दिए।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

शाखा कार्यालय

वीरेन्द्रनगर औद्योगिक क्षेत्र, वीरेन्द्रनगर, सुर्खेत

दरभाउपत्र स्वीकृतिको आशय सम्बन्धी सूचना

(प्रकाशित मितिः- २०८३/०३/२३)

आ.व.२०८३/०८४ का लागि यस औद्योगिक क्षेत्रको मूख्य प्रवेशद्धार एवं कार्यालयको सुरक्षार्थ आवश्यक ३ जवान सुरक्षाकर्मी आपूर्ति गर्न मिति २०८३/०३/०१ गते सिलबन्दी दरभाउपत्र आव्हान गरिएकोमा निर्धारित समयभित्र पेश भएका दरभाउपत्रहरुमध्ये तपसिलको दरभाउपत्र स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ यो आशयको सूचना सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ।

क्र. सं.	विवरण	छनौट भएको दरभाउपत्रदाताको नाम, ठेगाना	मासिक ३ जवान सुरक्षाकर्मीको पारिश्रमिक कबोल रकम(मू.अ.कर सहित)
१.	सुरक्षाकर्मीको सेवा आपूर्ति सम्बन्धी (भू.पू.सैनिक/प्रहरी)	श्री डिलक्स सेक्यूरिटी सर्भिस प्रा.लि., काठमाण्डौ।	रु. ९४,०३०।०५ (अक्षरेपी चौरानब्बे हजार तीस र पैसा शुन्य पाँच मात्र)

धितोमा रहेको चल अचल सम्पत्ति लिलाम डाक बढाबढद्वारा लिलाम बिक्री गरिने बारेको पुनः प्रकाशित ३५ दिनको सार्वजनिक सूचना

(सूचना प्रकाशित मितिः २०८३/०३/२३ गते)

तपसील बमोजिमका कर्जा ग्राहकहरुले यस बैंकबाट देहाय बमोजिम कर्जा/सुविधाहरुको बैंकलाई बुझाउनु पर्ने साँवा, ब्याज, हर्जाना तथा अन्य लेना रकम बुझाउन पटक पटक मौखिक तथा लिखित रुपमा तर ताकेता तथा कर्जा बुझाउने बारे २१(एक्काईस) दिने सूचना प्रकाशन गर्दा समेत कर्जा भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकाले यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिन भित्र बैंकको सम्पूर्ण लेना रकम चुक्ता गर्नुहुन कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरीनामा दिने, जमानत दिनुहुने व्यक्ति/संस्थालाई यो सार्वजनिक सूचना जारी गरीएको छ। उल्लेखित ३५(पैंतीस) दिन भित्र कर्जा चुक्ता नगरेमा कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने व्यक्ति/संस्था र सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने र बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति/परियोजना बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र यस बैंकको प्रचलित कर्जा असुली कार्यविधि अनुसार देहाय बमोजिमको मितिमा धितो लिलाम डाँक बढाबढ गरिने हुँदा ईच्छुक व्यक्ति/संस्था तथा सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। साथै, उपरोक्त अनुसार डाँक बढाबढद्वारा धितो लिलाम बिक्री हुन नसकेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति बैंक आफैले सकार गरिलिन सक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसील

धितो लिलाम बिक्री हुने मिति :- २०८३ साल साउन महिना २६ गते

सम्बन्धित कार्यालय तथा लिलाम हुने कार्यालय/स्थान : कृषि विकास बैंक लि. शाखा कार्यालय जुम्ला।

ग्राहकको विवरण

१. ग्राहकको नामः उपेन्द्र प्रसाद मल्ल ना.प्र.नं.: ५३१ जारी मितिः २०६०/०२/०६ जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय जुम्ला बाबुको नामः महेन्द्र बहादुर मल्ल बाजेको नामः गोविन्द बहादुर मल्ल

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा	वडा नं.	सिट नं.	कित्ता नं.	क्षेत्रफल (वर्ग मि.मा)
व्यापार कर्जा	उपेन्द्र प्रसाद मल्ल	जुम्ला	चन्दननाथ	९	९ झ	१८, २१, २३	१२६५, ४३०, २०५
				९	९ च	६७	२०२५

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति	बाबुको नाम	बाजेको नाम
उपेन्द्र प्रसाद मल्ल	चन्दननाथ न.पा. -४,जुम्ला	५३१	जिल्ला प्रशासन कार्यालय जुम्ला २०६०/०२/०६	महेन्द्र बहादुर मल्ल	गोविन्द बहादुर मल्ल

२. ग्राहकको नामः खगेन्द्र प्रसाद उपाध्याय ना.प्र.नं.: ५७७४/१५४१ जारी मितिः २०५३/०७/२० जारी भएको कार्यालयः जिल्ला प्रशासन कार्यालय जुम्ला बाबुको नामः द्रोण राज उपाध्याय बाजेको नामः बालकृष्ण उपाध्याय

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (वर्ग मि.मा)
थोक तथा खुद्रा व्यापार कर्जा/६२७८१९	खगेन्द्र प्रसाद उपाध्याय	जुम्ला	चन्दननाथ गा.वि.स	९	९२, ९५, ८९, १९० १९१, ९३, ७८	२४५, ९४५, ५०५, ५१७.५० ५१७.५०, १०४०, ६५५

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति	बाबुको नाम	बाजेको नाम
खगेन्द्र प्रसाद उपाध्याय	कार्तिकस्वामी -७, जुम्ला	५७७४/१५४१	जिल्ला प्रशासन कार्यालय जुम्ला २०५३/०७/२०	द्रोण राज उपाध्याय	बालकृष्ण उपाध्याय

३. ग्राहकको नामः न्यू प्रविश खाजा घर फर्मको दर्ता नंः १२७५/०७४/०७५ दर्ता मितिः २०७४/०९/०६, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति मुख्य शाखा कार्यालय,जुम्ला पान नंः ६०७२८७५९२

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (व.मि.)
होटल सेवा कर्जा/ १२५२६७८	टेक बहादुर हमाल देवकोटा	जुम्ला	कार्तिकस्वामी	७/ज,	२२२	४६८
				७/च	४०५, ४०३, ४०७	१३६, १७०३, १७०
				८/ङ	१५७	८२५

धितो धनी र प्रोपाईटरको विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
टेक बहादुर हमाल देवकोटा	कार्तिकस्वामी ०६ जुम्ला	६०-६४०-१२८४	जिल्ला प्रशासन कार्यालय जुम्ला २०५१।०२।०५	रत्न बहादुर हमाल	भक्ति प्रसाद उपाध्याय

४. ग्राहकको नामः राम लक्ष्मण इलेक्ट्रोनीक्स सेन्टर फर्मको दर्ता नंः ३३८/०६५/०६६ दर्ता मितिः २०६५/०४/२८, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, जुम्ला पान नंः ३०३०४२३०५

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (वर्ग मि.मा)
व्यापार कर्जा /६२७४७३	विर बहादुर बुढा	जुम्ला	तातोपानी	४ क	६४, ८९, १९८	२५, ७१, ३०
				४ख	८५, १६१, २०२	२८, ९८, ५८०
				४ घ	२१०	३१५
				४ ङ	४७, ८९, ३१९, ३२७, ४०४	१३१५, ११०, २१५, २९५, ४१५
				४ च	८०, ८९	३०५, १८२५
				४ छ	११०, १२४	१८१५, ४६१५
			हाँकु	१ क	९, ११, ४४	४३०, ३००, १७९०
	गणेश बुढा	जुम्ला	तातोपानी	४ ख	२८५, १२२, १२३	६९, १५३, ७४
				४ क	२६	१४४
				४ ग	६७, ८२	२०५, ११०
			हाँकु	१ क	२६२	७१०

प्रोपाईटरको विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
गणेश बुढा	तातोपानी-४, जुम्ला	११५९	जिल्ला प्रशासन कार्यालय जुम्ला २०४६।०२।१४	चाउरे बुढा	लाल बहादुर बुढा

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति	बाबुको नाम	बाजेको नाम
विर बहादुर बुढा	तातोपानी-४, जुम्ला	१६५६	जिल्ला प्रशासन कार्यालय जुम्ला २०४५/०६/०३	अमर सिंह बुढा	अमृते बुढा

५.ग्राहकको नामः सुगा मैना जनरल स्टोर फर्मको दर्ता नंः २३९/०६४/६५ दर्ता मितिः २०६४/११/०२, दर्ता भएको कार्यालयः घरेलु तथा साना उद्योग विकास समिति शाखा कार्यालय, जुम्ला पान नंः ३०२८६०११३

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक/ नं.	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (वर्ग मि.)
व्यापार / ११९५००४	गोरख बहादुर खत्री	जुम्ला	चन्दननाथ	९/ङ	४७, ९४,	१०६६०, ३३२०,
				९/ट	२०४	४०३
				९/च	६०	८२४०

प्रोपाईटर/धितो धनीको विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	बाबु	बाजे
गोरख बहादुर खत्री	चन्दननाथ गा.वि.स-९,जुम्ला	२९८-१६१३	जिल्ला प्रशासन कार्यालय जुम्ला २०३८/११/१९	पुरीनाथ खत्री	विश्वरुप खत्री

६.ग्राहकको नामः लक्ष्मण डाँगी जनरल स्टोर फर्मको दर्ता नंः १३४/२०६४/०६५ दर्ता मितिः २०६४/०४/१६, दर्ता भएको कार्यालयः घरेल' तथा साना उद्योग विकास समिति शाखा कार्यालय, जुम्ला पान नंः ३०२९४९०३०

लिलाम हुने अचल सम्पत्तिको विवरण

कर्जा शिर्षक	जग्गाधनीको नाम	जिल्ला	न.पा./गा.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल (वर्ग मि.मा)
व्यापार	शोभा डाँगी	जुम्ला	चन्दननाथ	६/क	३५२	८१
			लाम्रा	२/घ	३९४	८१.७५
	कृष्ण डाँगी	जुम्ला	लाम्रा	१/क	२६१, ३८२, ३८३, ३८६	१८८.७५, ७१६.२५, २२८.७५, १७३.७५
				१ ख	८६	११२.५०
				२ ग	६३	१७६९०

प्रोपाईटर विवरण

नाम	ठेगाना	नागरीकता नं.	नागरिकता जारी भएको जिल्ला र मिति	पति	ससुरा
शोभा डाँगी	लाम्रा गा.वि.स-२, जुम्ला	८६८९	जिल्ला प्रशासन कार्यालय जुम्ला २०५६/११/२४	चन्द्र बहादुर डाँगी	कृष्ण डाँगी

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

नाम	ठेगाना	ना.प्र.नं.	नागरिकता जारी गर्ने कार्यालय/जिल्ला/मिति	बाबुको नाम	बाजेको नाम
कृष्ण डाँगी	लाम्रा गा.वि.स-२, ,जुम्ला	१३३२	जिल्ला प्रशासन कार्यालय जुम्ला २०४४/०५/२४	विरवल डाँगी	गंगाराम डाँगी

शर्तहरु :

१) धितो लिलाम डाँक बढाबढ हुने तोकिएको दिन लिलामी कार्य सम्पन्न हुन नसकेमा वा सार्वजनिक बिदा परेमा सोको लगतै बैंक खुलेको दिन उक्त लिलामी कार्य हुनेछ।

२) धितो लिलाम डाँक बढाबढमा कम्तिमा ३(तीन) जना व्यक्ति/संस्थाहरुले भाग लिएको हुनु पर्नेछ।

३) धितो लिलाम डाँक बढाबढमा सबै भन्दा बढी रकम बोलकबोल गर्ने व्यक्ति/संस्थाले बोलेको अंकको कम्तिमा १०(दश) प्रतिशत हुने रकम धरौटी वापत त्यसै दिन यस बैंकको शाखा कार्यालय जुम्लामा जम्मा भएको हुनु पर्नेछ।

४) लिलाम सकार गर्ने व्यक्ति/संस्थाले लिलाम सदर भएको ७(सात) दिन भित्र बाँकी रकम बुझाउनु पर्नेछ। बुझाउनु पर्ने बाँकी रकम तोकीएको मितिमा बुझाउन नसकेमा जम्मा भएको रकम स्वतः जफत हुनेछ।

५) लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा ब्याज दाबी गर्न पाईने छैन।

६) डाँक बढाबढको शुरुवात अंक उक्त चल अचल सम्पत्तिको मूल्यांकनबाट शुरुवात गरिनेछ।

७) धितो लिलाम डाँक बढाबढ सदर वा बदर गर्नु अगावै सम्बन्धित ग्राहकले बैंकलाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा लिलामी कारबाही हुने छैन।

८) लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदाताले नै ब्यहोर्नु पर्नेछ।

९) डाँक बढाबढमा सबै भन्दा बढी बोलकबोल गर्ने व्यक्ति/संस्थालाई दिने वा नदिने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ।

१०) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

कृषि विकास बैंक लि.

कर्जा असुली तथा संकलन विभाग

मुख्यकार्यालय, काठमाडौं।

बाँके...

गर्ने गरिएको उनले जानकारी दिए।

पूजापछि हात्तीहरूलाई सिंगारपटार गरी उनीहरूको मनपर्ने उखु, केरा, बन्दागोभी, काँक्रो लगायतका खानेकुरा खुवाउने गरिन्छ। यसले संरक्षणमा खटिने हात्तीप्रति सम्मान र आत्मीयता व्यक्त गर्ने परम्परालाई निरन्तरता दिएको निकुञ्जको भनाइ छ।

निकुञ्जका अनुसार हात्ती पूजाले मानव-हात्ती द्वन्द्व न्यूनीकरणमा सकारात्मक सन्देश दिने विश्वास गरिएको छ। विशेषगरी निकुञ्जको मध्यवर्ती क्षेत्रका स्थानीयवासीले असारे पूजापछि हात्तीले अन्नबालीमा कम क्षति पुऱ्याउने जनविश्वास राख्दै आएका छन्।

हात्तिसार केन्द्र बुच्चापुरका माउते शालिकराम यादवले हात्ती र माउते दुवैको सुरक्षा, दीर्घायु तथा सफल संरक्षण कार्यको कामनासहित यो पूजा निरन्तर गर्दै आइएको बताए। उनले अनुसार हात्तीले माउतेलाई कुनै हानि-नोक्सानी नगरोस् र संरक्षण कार्यमा सहज रूपमा सहयोग गरिरहोस् भन्ने धार्मिक तथा सांस्कृतिक विश्वासका साथ यो परम्परा जोगाइँदै आएको हो।

हात्ती पूजा धार्मिक आस्था र परम्परामा मात्र सीमित नभई प्रकृति संरक्षण, जैविक विविधताको संवर्द्धन तथा मानव-वन्यजन्तुबीचको सन्तुलित सम्बन्ध कायम राख्ने सन्देश बोकेको सांस्कृतिक अभ्यासका रूपमा स्थापित हुँदै गएको छ। संरक्षणका चुनौती बढिरहेका बेला यस्ता गतिविधिले वन्यजन्तुप्रति सम्मान, संरक्षणप्रतिको जिम्मेवारी र सहअस्तित्वको संस्कृतिलाई थप मजबुत बनाउने विश्वास गरिएको छ।

मोटरसाईकल हराएको सूचना

जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं ३ बस्ने बर्ष २५ पुष्पक बहादुर बडुवालको नाममा दर्ता कायम ईन्जिन नम्बर DKXCSC29429 च्यासिस नम्बर MD2A EX5SCP84767 भएको क.प्र.०२००३प ४६९५ नम्बरको 220F पल्सर मोटरसाईकल मिति २०८३।०३।१९ गते साँझ अन्दाजी अन्दाजी २०.३० बजेको समयमा जिल्ला सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं ६ बुद्धपथलाईन स्थित उषा वालवाटिका स्कुल अगाडी सडकको किनारामा पार्किङ गरि राखेको अवस्थामा अपरिचित व्यक्तीले चोरी गरि लिएको हुँदा सो मोटरसाईकल चोरी भएकाले भेटाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय, ट्राफिक प्रहरी कार्यालय वा मेरो निम्न ठेगानामा सम्पर्क राख्नुहुन अनुरोध छ।

नाम : पुष्पक बहादुर बडुवाल, **फोन न. :** ९८२२५१७०५८

समयमै काम नगर्ने निर्माण कम्पनीसँग ठेक्का तोडिँदै

युग संवाददाता
सुर्खेत, २२ असार ।

पटक पटक ताकेता गर्दा पनि काम नगरेपछि सडक डिभिजन सुर्खेतले ठेक्का तोडने प्रक्रिया अगाडि बढाएको छ। सडक डिभिजन सुर्खेतले सम्झौताअनुसार निर्माण सम्पन्न नगर्ने चार निर्माण व्यवसायीसँगको ठेक्का सम्झौता अन्त्य गरेको छ।

पटक पटक लिखित तथा मौखिक रूपमा ताकेता, निर्देशन र म्याद थप गर्दा पनि तोकिएको अवधिभित्र काम सम्पन्न नभएपछि सार्वजनिक खरिद ऐन, २०६३ तथा ठेक्का सम्झौताको शर्तअनुसार सम्झौता अन्त्य गरिएको डिभिजनका सूचना अधिकारी रुपेश केसीले जानकारी दिए। डिभिजनले सार्वजनिक सूचनामार्फत सुर्खेतमा सञ्चालित चारवटा सडक तथा पुल निर्माण आयोजनाको ठेक्का रद्द गरिएको जानकारी दिएको हो।

सूचनाअनुसार निर्माण व्यवसायीले सम्झौताअनुसारको दायित्व पूरा नगरेको, पटकपटक काम सम्पन्न गर्न आग्रह गर्दा पनि अपेक्षित प्रगति नभएकाले कानुनी व्यवस्थाबमोजिम सम्झौता अन्त्य गरिएको उल्लेख छ।

सम्झौता अन्त्य गरिएका आयोजनामध्ये सहारे स्वास्थ्यचौकी-बेतेनी सडकअन्तर्गत गोचे खोलामाथि प्रि-स्ट्रेस्ड आरसिसी मोटरेबल पुल निर्माणको जिम्मा एमएस एड्भेन्चर जेभी बाँकेले पाएको थियो। त्यसैगरी, गुमी-पातिहाल्ना सडकअन्तर्गत भलुकुने खोलामा प्रिस्ट्रेस्ड आरसिसी पुल निर्माणको जिम्मा जयबुद्ध-नेपाल मेगा बिल्डर्स जेभी सुर्खेतलाई दिइएको थियो।

त्यस्तै, सुर्खेत-जुम्ला सडकअन्तर्गत दैलेखको खुर्रा खोलामा आरसिसी पुल निर्माणको ठेक्का टिडीआर कन्स्ट्रक्सन प्रालि धनगढीले लिएको थियो भने रत्न राजमार्गअन्तर्गत हर्रे-बाङ्गेसिमल खण्डमा सडक पुनःस्थापना, नाला निर्माण तथा सडक संरक्षणको काम जनता बिल्डर्स भेरीगङ्गा-९ सुर्खेतले गरिरहेको थियो। यी चारवटै आयोजनामा सन्तोषजनक प्रगति नभएपछि ठेक्का सम्झौता अन्त्य गरिएको सूचनामा उल्लेख छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) तथा ठेक्का सम्झौताको जिसीसी अन्तर्गतका सम्बन्धी व्यवस्थाअनुसार ठेक्का अन्त्य गरिएको डिभिजनले जनाएको छ। साथै, सार्वजनिक खरिद नियमावलीअनुसार पोस्ट टर्मिनेसन इभालुएसन गरी कानुनबमोजिम आवश्यक प्रक्रिया अघि बढाइने र सरकारलाई हुन गएको आर्थिक क्षति सम्बन्धित निर्माण व्यवसायीबाट असुलउपर गरिने पनि सूचनामा उल्लेख छ।

डिभिजनले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सम्बन्धित निर्माण व्यवसायीलाई कार्यालयमा सम्पर्क गरी वित्तीय फरफारक प्रक्रिया सम्पन्न गर्न आग्रह गरेको छ। पछिल्लो समय निर्माण व्यवसायीले समयमै काम सम्पन्न नगर्दा सडक तथा पुल आयोजना लम्बिने समस्या बढ्दै गएको भन्दै सरकारले ऋण ठेक्कामाथि कडाइ गर्दै आएको छ।

झोलुङ्गे पुल पर्यटकीय गन्तव्य बन्दै

युग संवाददाता
दाङ, २२ असार ।

स्थानीय तुलसीपुर उपमहानगरपालिका-११ र दङ्गीशरण गाउँपालिका-२ सरुवाडाँडा जोड्ने झोलुङ्गे पुलले वरपरका जिल्लाका नागरिकलाई समेत अवलोकन गर्ने महत्वपूर्ण पर्यटक गन्तव्यका रुपमा परिचय बनाएको छ।

चारैतिर हरियाली नजिकै चिटिक्क परेको गाउँबीचमा कलकल बगेको बबई नदीमाथिको झोलुङ्गे पुलमा त्यस वरपरको मनमोहक दृश्याअवलोकन गर्नेको भीड नै लाग्न थालेको छ।

त्यस क्षेत्रको अवलोकन गर्न टाढादेखि आउनेले सूर्य अस्ताउँदै गर्दा बबई नदीमा देखिने छायाँ र पुलको आकर्षणले टिकटक बनाउने र फोटो खिच्नेहरू राम्रा दृश्य मोबाइल र क्यामेरामा कैद गर्न तँछाडमछाड गरेको देखिन्छ।

उक्त पुल गत वर्षको गर्मीयामदेखि थप चर्चामा आएको हो। वरपरका सल्यान र रुकुम जिल्लाका नागरिक समेत ठूलो सङ्ख्यामा दृश्यालोकनका लागि आउने गरेको पाइन्छ। त्यस क्षेत्रको अवलोकनमा रहनुभएकी सल्यानकी शारदा केसी भन्छन्, "सामाजिक सञ्जालमा यहाँको तस्बिर र भिडियो देखियो, दृष्य निकै राम्रो लाग्यो। वास्तवमा हेर्न आउन पर्ने खालकै रहेछ।" उनले बबई नदीमाथि वरपरको आकर्षक दृष्य देखिने पुललाई थप पर्यटकीय क्षेत्रका रुपमा विकास र विस्तार गर्नुपर्ने आवश्यकतामा जोड दिए।

वि.सं. २०७९ मा उक्त झोलुङ्गे पुल निर्माण भए पनि गत वर्षको गर्मीको समयमा पुल चर्चामा आएको पत्रकार लक्ष्मण बस्नेत बताउँछन्। उनका अनुसार गत वैशाख र जेठ महिनाको गर्मी छल्न दैनिक एक हजारभन्दा बढी मानिस पुल अवलोकन र शीतलता प्राप्त गर्न पुगेका थिए। हाल बर्सात सुरु भइसक्दासमेत दैनिक पाँचदेखि छ सयसम्म पुल हेर्न आउन गरेका छन्।

जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइँ सराइ

जस्ता व्यक्तिगत घटना घटेको ३५ दिन भित्र निःशुल्क रुपमा वडा कार्यालयमा दर्ता गरौं र गराऔं ।

जन्म

जन्म दर्ता गराउँदा चाहिने कागजातहरू :
- आमा वा बाबुको नागरिकता,
- स्वास्थ्य संस्था वा अस्पतालमा जन्म भएको भए उक्त संस्थाबाट जारी जन्म प्रमाणित कागज,
- घरमा जन्म भएको हकमा पछिल्लो खोप कार्ड
- विदेशी भएमा, बाबु आमाको राहदानी प्रमाणपत्रको प्रतिलिपि तथा सम्बन्धित स्थानीय तहको वडामा बसोबास रहेको प्रमाण
- बाबु बेपत्ता वा ठेगान थाहा नभएको भए सो सम्बन्धी प्रहरी प्रतिवेदन

मृत्यु

मृत्यु दर्ताका लागि चाहिने कागजपत्रहरू :
- मृतकको नागरिकताको प्रमाणपत्र (नागरिकता बनेको भएमा) वा जन्मदर्ता (नागरिकता नबनेको भएमा),
- सूचकको नागरिकता
- मृतक विदेशी भएमा सूचक र मृतकको राहदानी, प्रवेशाज्ञा तथा निज त्यस वडामा बसोबास गरेको प्रमाण, सम्बन्धित मुलुकको नेपालस्थित कूटनीतिक नियोगको सिफारिस
- स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्युको प्रमाण

विवाह

विवाह दर्ता गराउँदा चाहिने कागजातहरू :
- विवाह दर्ता गर्न पति र पत्नी दुवै सूचक हुनुपर्ने ।
- दुलाहा दुलहीको नागरिकता प्रमाणपत्र वा राष्ट्रियता खुल्ने कागज ।
- दुलाहा वा दुलही दुवैको हालै खिचेको अटो साईजको फोटो,
- अदालतबाट नाता कायम भएको अवस्थामा नाता कायमको कागज
- कुनै एकजना विदेशमा रहेमा विदेश स्थित नेपाली निवोगबाट प्रमाणित अधिकृत बारेसनामा

सम्बन्ध विच्छेद

सम्बन्ध विच्छेद दर्ता गराउन चाहिने कागजातहरू :
- सूचकको नागरिकता प्रमाणपत्र,
- अदालतबाट सम्बन्ध विच्छेद भएको फैसला,
- विदेशीमा सम्बन्ध विच्छेद भएको हकमा त्यहाँको प्रचलित कानुन अनुसार सम्बन्ध विच्छेद भएको प्रमाणपत्र र कुटनीतिक निवोगबाट प्रमाणित भएका अंग्रेजी भाषाका कागजातलाई नोटरी पब्लिकबाट अनुवाद गरेको वा कन्सुलर सेवा विभागबाट प्रमाणिकरण गरेको सक्कल प्रति ।

बसाइँ सराइ

बसाइँ सराइ दर्ताका लागि चाहिने कागजातहरू:

बसाइँ सरेर जादा चाहिने कागजातहरू :
- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर जाने सूचकको नागरिकताको प्रमाणपत्र,
- १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्म दर्ताको प्रमाणपत्र र १६ वर्ष भन्दा माथिका नागरिकको हकमा नागरिकता र नागरिकता नभएमा जन्मदर्ताको प्रमाणपत्र
- परिवारका सम्पूर्ण सदस्यको सबै व्यक्तिगत घटना दर्ता गरेपछि मात्र बसाइँ सराइ दर्ता गर्नुपर्ने ।

बसाइँ सरेर आउँदा चाहिने कागजातहरू :
- लगत हस्तान्तरण फाराम
- बसाई सराई गरेर आँउदा घरमुली वा सूचकको नागरिकता

बसाइँ सराइ गरेर जाँदा (जुन ठाउँबाट जान लागिए को हो) र आउँदा (बस्न लागिएको नयाँ ठाउँ) दुवै ठाउँमा घटना दर्ता गर्नुपर्छ ।

नरहरिनाथ गाउँपालिका
वडा नं. ३ को कार्यालय
कुमालगाउँ, कालिकोट

कटक बहादुर बुढा
वडा अध्यक्ष

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरू

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश ल्याङ्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

यूनिक डेण्टल

मो. ९८४९९८७९३३, ९८१३१९६५०० केयर होम

Dental Tips
1. फ्लोराइड भएको टूथपेस्टले दिनमा २ पटक ब्रस गर्ने
2. मिठाई, जङ्क फुड र कोल्ड ड्रिङ्क जस्ता दाँतमा टाँसिने कुराहरू कम खाने।
3. ६ महिनामा एक पटक दन्त चिकित्सकलाई चेक–अप गराउने।

हाम्रो विशेष दन्त प्याकेज

- विवाह प्याकेजहरू — 15% छुट
- आर्मी सेलेक्सन प्याकेज — 25% छुट
- जागिरे प्याकेज — 20% छुट
- विद्यार्थी प्याकेज — 25% छुट
- व्यापारी प्याकेज — 20% छुट

डा. शक्ति वि क
जेनरल एस्थेटिक डेण्टिष्ट
NMC No. २६२६०

डा. मुक्ति रानाभाट
कन्सलटेण्ट अर्थोडोण्टिष्ट
NMC No. १४९९३

RARA Printing Pvt.Ltd.

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८x४० साईजको मेसिनबाट छपाई

रारा प्रिन्टीङ्ग प्रा.लि.

Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.–११, NTV रोड, बाँके)



Book & Copy Printing

Packaging Box Printing

Wedding Card Printing

Stamp

Fiber Bag Printing

हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।

सम्पर्क नं.
९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

युगआव्हान दैनिकका लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगाढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।